नेपाल सरकार

# राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

सूचना व्यवस्थापन शाखा

सिंहदरवार, काठमाडौं

फोनः ४२११९०३, ४२११०७९

प.स. २०७५/०७६

च.नं. छुट ६९

मितिः-२०७५/१२/१४

**बिषय : छुट तथा पुनः जाँच सर्वेक्षण २०७५ सञ्चालन सम्बन्धमा ।**

श्री जिल्ला आयोजना कार्यान्वयन इकाई (भवन),
नुवाकोट,धादिङ्ग,काठमाण्डौं,सिन्धुली,गोरखा,रामेछाप,दोलखा,मकवानपुर,सिन्धुपाल्चोक,काभ्रेपलान्चोक,
ओखलढुङ्गा,ललितपुर,भक्तपुर,धनकुटा,पाल्पा,वाग्लुङग,कास्की,चितवन,लमजुङग,रसुवा ।
श्री जिल्ला आयोजना कार्यान्वयन इकाई (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार),
नवलपरासी,संखुवासभा,पर्वत,सोलुखुम्बु,खोटाङग,भोजपुर,तनहुँ,स्याङजा,गुल्मी,अर्घाखाँची,म्याग्दी ।

उपर्युक्त सम्बन्धमा छुट तथा पुनः जाँच सर्वेक्षण २०७५ अन्तर्गत २०७५ चैत्र १० र ११ गते स्थलगत लगत संकलनमा खटिने सर्वेक्षकहरुको तालिम सञ्चालन गर्ने र २०७५ चैत्र १५ गते देखि स्थलगत लगत संकलन कार्य गर्ने गरी निर्देशन दिईएकोमा स्थानीय स्तरमा खटिएका प्राविधिक कर्मचारीहरुको आन्दोलनका कारण केही जिल्लामा उक्त कार्यतालिका अनुसार तालिम लगायतका कार्यक्रमहरु प्रभावित भएको भन्ने जानकारी प्राप्त भएकाले तोकिएको समयमै छुट तथा पुनः जाँच सर्वेक्षण २०७५ को स्थलगत लगत संकलन कार्य सम्पन्न गर्ने गरी तपशिल अनुसार गर्नुहुन सबैलाई अनुरोध गरिन्छ ।

१२।१४

मनोहर घिमिरे
(उप सचिव )

**तपशिलः**

१. जिल्ला स्थित स्थानीय तहका प्रमुख/ अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृतहरुको अभिमुखीकरण कार्यक्रम र स्थलगत लगत संकलन कार्यमा खटिने सर्वेक्षकहरुको तालिम सम्पन्न गरीसकेका जिल्लाहरुले पूर्ववत कार्यतालिका अनुसार **२०७५ चैत्र १५ बाट लगत संकलन कार्य शुरु गर्ने** र साप्ताहिक रुपमा कार्यप्रगति केन्द्रलाई जानकारी गराउने ।

२. जिल्ला स्थित स्थानीय तहका प्रमुख/ अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृतहरुको अभिमुखीकरण कार्यक्रम हालसम्म पनि सम्पन्न हुन नसकेका जिल्लाहरुमा अनिवार्य रुपमा **२०७५ चैत्र १७ गते भित्र** उक्त अभिमुखिकरण कार्यक्रम सम्पन्न गरी केन्द्रलाई जानकारी गराउने ।

Scanned by CamScanner

नेपाल सरकार
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
सिंहदरवार, काठमाडौं, २०७२

३. स्थलगत लगत संकलन कार्यमा खटिने सर्वेक्षकहरुको तालिम सञ्चालन हुन नसकेका जिल्लाहरुमा **२०७५ चैत्र १८ र १९ गते** अनिवार्य रुपमा तालिम सञ्चालन गरी केन्द्रलाई जानकारी गराउने ।

४. स्थलगत लगत संकलनको कार्य तोकिएको तोकिएको विधि र प्रक्रिया अनुसार **२०७५ चैत्र २० देखि** अनिवार्य शुरु गर्ने र साप्ताहिक रुपमा कार्यप्रगति केन्द्रलाई जानकारी गराउने ।

१२।२८

Under Secretary

**अवगतार्थ तथा बोधार्थः**

१.श्रीमान् प्रमुख कार्यकारी अधिकृतको सचिवालय, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, सिंहदरवार, काठमाण्डौं ।

२.श्रीमान् सचिवज्यूको सचिवालय, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, सिंहदरवार, काठमाण्डौं ।

३. श्री केन्द्रीय आयोजना कार्यान्वयन इकाई (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार),ज्वागल ,ललितपुर : उपरोक्त अनुसार गराउनु हुन ।

४.श्री केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन), ववरमहल, काठमाण्डौं : उपरोक्त अनुसार गराउनु हुन ।

Scanned by CamScanner